आज मिति २०७६ कात्तिक ०७ गते बिहिवार दिनको २:०० बजे गोदावरी नगरपालिकाका नगरप्रमुखश्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| | |
|---|---|
| अध्यक्ष - श्री गजेन्द्र महर्जन | नगरप्रमुख |
| सदस्य - श्री मुना अधिकारी | उप-प्रमुख |
| सदस्य - श्री हरिहर कार्की | वडाध्यक्ष वडा नं. १ |
| सदस्य - श्री देवेन्द्रकुमार बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| सदस्य - श्री बालमुकुन्द घिमिरे | वडाध्यक्ष वडा नं. ३ |
| सदस्य - श्री मुकुन्द बहादुर पहरी | वडाध्यक्ष वडा नं. ४ |
| सदस्य - श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं. ५ |
| सदस्य - श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं. ६ |
| सदस्य - श्री गिरि प्रसाद तिमिल्सिना | वडाध्यक्ष वडा नं. ७ |
| सदस्य - श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं. ८ |
| सदस्य - श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं. ९ |
| सदस्य - श्री दर्शन कुमार बिष्ट | वडाध्यक्ष वडा नं. १० |
| सदस्य - श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं. ११ |
| सदस्य - श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं. १२ |
| सदस्य - श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं. १३ |
| सदस्य - श्री जगनाथ महर्जन | वडाध्यक्ष वडा नं. १४ |
| सदस्य - श्री सीता तिमिल्सिना | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री लक्ष्मी परियार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री बिन्दु तामाङ | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मीठु परियार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मैया के.सी. (खत्री) | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मोहनबहादुर नगरकोटी | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री सरोज दनुवार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री लक्ष्मी बहादुर नगरकोटी | नगरकार्यपालिका सदस्य |
| सदस्य सचिव - श्री कृष्णप्रसाद जैसी | प्रमुख प्रशासकीय अधिकृत |

**एजेण्डाः**

१. शुभ-कामना आदान प्रदान सम्बन्धमा ।
२. विविध

**निर्णय नं. १ शुभ-कामना आदान प्रदान सम्बन्धमाः** छलफल हुंदा यस वर्षको नेपाल सम्वत, शुभ दिपावली र छठपर्वको उपलक्ष्यमा सम्पूर्ण नगरवासीमा सुख, शान्ती एवं समृद्धिका लागि यो बैठक हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछ ।

**२. विविधः**

२.१. आर्थिक वर्ष ०७५/०७६ मा संचालित MTMP अन्तर्गतका बाटोहरू लगायत देहायका बाटोहरू स्तरीकरणका लागि देहाय बमोजिम सि.नं. २१७ सडक स्तरोन्नती शिर्षकबाट बजेट विनियोजन गरी कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

**तपसिल**

**गत आर्थिक वर्षका क्रमागत**

१) धापाखेलबाट भरूवारासी डाडागाउँ न्यौपाने गाउँ सडक वडा नं. १३ र १० को लागि रू. ५००००००/- (पचास लाख)

२) तल्लो बुरून्चुली हुँदै देउराली सडक वडा नं. ७ को लागि रू. ५००००००/- (पचास लाख)

३) कुश्लेचौर-चापागाउँ-छम्पी- डुकुछाप सडकको लागि रू. ५००००००/- (पचास लाख)

४) चापागाउँ - लेले भन्ज्याङ्ग सडक वडा नं. ५, ६ र १० को लागि रू. ५००००००/- (पचास लाख)

५) टौखेल-लेलिनथोक-कोटटार -पौडोल सडक वडा नं. ३ को लागि रू. ५००००००/- (पचास लाख)

६) घट्टेकुलो हुँदै ग्वालिन्दह सडक वडा नं. ४को लागि रू. ५००००००/- ( पचास लाख)

**नयाँ बाटोहरूमा**

१) नयाँबाटो (किटिनी)बाट डल्फिन स्कूल (महादेव डाडाँ) सम्म वडा नं. ३ र २ सडकको लागि रू. ५००००००/- (पचास लाख)

२) झ्यालपाटी -नक्खु - मलामी बाटो सडकको लागि रू. ५००००००/- ( पचास लाख)

३) बज्रवाराही - भरूवारासी - ठेचो सडकको लागि रू. ५००००००/- ( पचास लाख)

४) लेले भन्ज्याङ्गसडकको लागि रू. ५००००००/- (पचास लाख)

२.२. साविक महिला, बालबालिका कार्यालयबाट यस नगरपालिका अन्तर्गतका साविक गोदामचौर डुकुछाप गा.वि.स.मा कार्यरत तपसिलका सामाजिक परिचालकहरू गत आ.व. ०७५/०७६ मा यस नगरपालिका अन्तर्गत स्थानान्तरण भई आएका र सशर्त अनुदानबाट पारिश्रमिक तोकी आइ निरन्तरता भएकोमा यस आर्थिक वर्ष ०७६/०७७ मा समानीकरण अनुदान शिर्षकबाट साविककै सुविधा रू.१३,४५०/- (तेह्र हजार चारसय पचास) मात्र दिने गरि निरन्तरता दिने र उनीहरूको कामको अनुगमन रिपोर्टिङ्ग महिला विकास शाखाबाट गराउने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम, थर | ठेगाना | पद |
|---|---|---|---|
| १ | श्री गंगादेवी मूल | गोदावरी न.पा. १, गोदामचौर | सामाजिक परिचालिका |
| २ | श्री मिना जि.सी. | गोदावरी न.पा. ८, डुकुछाप | सामाजिक परिचालिका |

२.३ यस नगरपालिका अन्तर्गत चापागाउँमा सञ्चालनमा रहेको जनभावना क्याम्पसले उक्त क्याम्पसको भवन मर्मतको लागि रू.४१,८०,२४०।४० माग गरेकोमा उक्त क्याम्पसको माग बमोजिम हाललाई यस गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ बजेट उपशीर्षक : गोदावरी नगरपालिका (८०३३४४०११०१) क्र.सं. २१६ भैपरी आउने योजना तथा कार्यक्रमहरू शीर्षकबाट रू.१०,००,०००/- (दश लाख) मात्र उपलब्ध गराउने निर्णय गरियो ।

२.४ गोदावरी नगरपालिका वडा नं. १२ स्थित ढल्केश्वर महादेव मन्दिर परिसर निर्माणको लागि यस गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ बजेट उपशीर्षक : गोदावरी नगरपालिका (८०३३४४०११०१) क्र.सं. २१६ भैपरी आउने योजना तथा कार्यक्रमहरू शीर्षकबाट रू.५,००,०००/- रकम उपलब्ध गराउने निर्णय गरियो ।